BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# किसानप्रेमीको 'चेतना' खण्डकाव्यमा प्रतिध्वनित दलित चेतना

**रमेश प्रभात***
ramesh.shrestha@bimc.tu.edu.np

Received: Sept. 30, 2021, Accepted: Dec. 15, 2021

**सारसङ्क्षेप**

*किसानप्रेमी (२०१९) नेपाली कविताकाव्यका क्षेत्रमा क्रियाशील स्रष्टा हुन्। आफू स्वयम् उत्पीडित वर्गमा जन्मी हुर्किएका हुनाले उनका रचनामा उत्पीडनको स्वर तीव्र रूपमा मुखरित भएको पाइन्छ। हिन्दू धर्मावलम्बीको बाहुल्य भएको नेपाली समाजमा दलितका नाममा निकै विभेद हुने गरेको भेटिन्छ। मूलतः दलित भनिएको सम्प्रदाय नेपाली समाजका प्रायः सबै भूगोल र परिवेशमा पाइन्छ। नेपालका मधेस, पहाड, हिमाल र राजधानी सहरका रूपमा परिचित काठमाडौँ उपत्यकामा समेत दलितहरूको उपस्थिति, अस्तित्व र पहिचान फेला पार्न सकिन्छ। दलितले भोग्नु परेका अवस्था र दलनका विरुद्ध उठ्ने प्रतिरोधी भावना नै वास्तवमा दलित चेतना हो। समाजमा जहिलेदेखि दलनको सुरुवात भयो, त्यतिबेलादेखि नै दलनका विरुद्ध आवाज उठ्ने गरेको भए पनि त्यो आवाज सम्बन्धित निकायसम्म पुग्न नसकेकाले त्यत्तिकै बिलाएको थियो। नेपालमा दलनविरुद्ध छिटफुट रूपमा उठ्ने गरेको त्यस्ता आवाज वि.सं. २०६४ मा गणतन्त्र आएपछि भने निकै सशक्ततापूर्वक अगाडि बढेको पाइन्छ। हिजोआज मानव मानवका बीचमा जातका आधारमा हुने छुवाछुतजस्ता भेदभावजन्य व्यवहार विरुद्धको आवाज बुलन्द हुन थालेको छ। कवि किसानप्रेमीको चेतना खण्डकाव्य पनि नेपाली समाजका यस्तै दलितका पक्षमा आवाज उठाउँदै रचित मानवतावादी खण्डकाव्य हो। यसर्थ यहाँ दलित चेतनालाई आधार बनाएर उक्त खण्डकाव्यको विश्लेषण गरिएको छ।*

**शब्दसूची** : *दलित, हिन्दू वर्णाश्रम, समतामूलक समाज, प्रतिरोधी चेतना, दलित चेतना।*

## विषयपरिचय

चेतना खण्डकाव्यका रचनाकार कवि किसानप्रेमी (२०१९) हुन् । किसानप्रेमी नेपाली साहित्यमा कविता, गजल, लघुकथाजस्ता साहित्यका फुटकर विधामा रमाएका साहित्य स्रष्टा हुन् । उनका प्रकाशित कृतिहरू 'गाउँबस्ती रोइरहेछ' कवितासङ्ग्रह (२०५९), 'गजब छ मान्छे' गजलसङ्ग्रह (२०६३) र 'चेतना' खण्डकाव्य (२०६९) हुन्। यसबाहेक चितवन जिल्लाभित्र र बाहिरबाट समय समयमा प्रकाशित विभिन्न संयुक्त कृतिहरूमा पनि उनका विविध विधाका रचनाहरू समेटिएका छन्। उनका रचनामा विषयवस्तुलाई निकै सशक्त रूपमा उठान गरिएको हुन्छ। त्यसका अतिरिक्त उनी चरित्रचित्रणमा समेत विशेष ध्यान पुऱ्याउँछन् । उनले परिवेशचित्रणमा पनि उत्तिकै ध्यान पुऱ्याएको पाइन्छ । चेतना खण्डकाव्यलाई हेर्दा त्यो स्थिति प्रष्ट देखिन्छ।

चेतना खण्डकाव्य (२०६९) कवि किसानप्रेमीको लामो समयको मेहनतपछि प्रकाशित कृति हो । गाउँका कथित उपल्ला जातका मानिसहरूले दलितलाई गर्ने हेपाहा व्यवहार, अनावश्यक कुटपिट र जातीय भेदभावलाई चित्रण गरिएको यो खण्डकाव्य जम्मा दश खण्डमा विभक्त छ । यसमा मूलतः शङ्कर नामका दलित युवकलाई मन्दिरमा छिरेको आरोपमा गरिएको कुटपिटबाट कथावस्तु उठान गरिएको छ । कविले यसमा अन्य विभिन्न घटनाको वर्णन गर्दै एक जना ज्ञानी महात्माको संभाषणका कारण गाउँलेका विचारमा परिवर्तन आएको देखाइएको छ । अन्य जाति सरह दलितले बाँच्न पाउनुपर्छ भन्ने विचारका साथ खण्डकाव्यको अन्त्य गरिएको छ।

समाजमा जातीय आधारमा गरिएको भेदभावका कारण तल पारिएको समुदाय दलित हो । यसरी दलित भनेर जातीय आधारमा भेदभाव गरेका कारण साहित्यमा दलित चेतनाको जन्म भएको हो। दलित चेतना भनेको दलितमाथि हुने अन्याय, अत्याचार र शोषणका विरुद्ध उठेको चेतना हो। सनातन हिन्दू वर्ण व्यवस्थामा प्रचलित चार वर्णहरू ब्राह्मण, क्षत्री, वैश्य र

* Mr. Prabhat is Lecturer in Nepali Departement at Birendra Multiple Campus (Tribhuvan University)

शूद्रमध्ये शूद्रलाई अछूतका रूपमा भेदभाव गरेको पाइन्छ । ब्राह्मण, क्षत्री जातीय रूपमा उपल्लो तहका हुने र तिनले शासन गर्ने क्रममा आफ्नो स्वार्थको रक्षाका लागि मनुष्यतालाई तिरस्कार र बहिष्कार गरी केही वर्गलाई दलितका रूपमा अमानवीय व्यवहार गरेको देखिन्छ । त्यही उपल्लो भनिएका जातिमा 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःखभाग्जनः' जस्तो परम्परा पनि रहेको पाइन्छ भने तिनैले आफ्नो महान् सांस्कृतिक मान्यताका नाममा जातीय विभेदको सुरुवात गरेको पनि भेटिन्छ । जातीयताका नाममा यस्ता मानवताविरोधी, विभेदकारी र शोषणयुक्त व्यवहारको चित्रण, त्यसका विरुद्ध प्रतिरोध, मानवताका पक्षमा गरिने उद्घोष एवम् समतामूलक समाजको परिकल्पना गरी लेखिने साहित्य दलितका पक्षमा लेखिने साहित्य हो । यस्तो दलितलाई उठाउने चेतना नै दलित चेतना हो । यहाँ सोही कोणबाट कवि किसानप्रेमीका चेतना खण्डकाव्यको विश्लेषण गरिएको छ ।

## साहित्यमा दलित चेतना : सैद्धान्तिक पर्याधार

दलित शब्द संस्कृत शब्द हो । यसको अर्थ- पिल्सिएको, छियाछिया पारिएको दलिएको इत्यादि हुन्छ (आहुति, २०७७ : ३६) । दलितको खास तात्पर्य 'कुल्चिएको' वा 'दबाइएको' हो र हिन्दू धर्मग्रन्थमा शूद्र भनिएको जातिलाई यसै अर्थमा लिने गरिन्छ । यसका पर्यायवाची शब्दहरू 'चाण्डाल', 'अस्पृश्य', 'अछूत' आदि हुन् । 'उपेक्षित', 'अपमानित', 'उत्पीडित', 'प्रताडित' आदि शब्द पनि यसै कोटिमा आउने शब्दहरू हुन् (चमनलाल, सन् २०१२ : १४) । जात व्यवस्थाभित्र समाजको पिँधमा रहेको, वर्गीय रूपमा श्रमिक, सांस्कृतिक रूपमा बहिष्कृत र पानी अचलसमेत बनाइएको जातहरूको साझा परिचयका रूपमा प्रयोग हुँदै आएको शब्द हो- दलित (आहुति, २०७७ : ३५) ।

दलित चेतनाको जन्म वर्ण व्यवस्थाका विरुद्ध भएको हो । यो सङ्घर्ष, शिक्षा, सङ्गठन, साहित्यका माध्यमबाट आत्मसम्मान, स्वाभिमान र समाजमा आमूल परिवर्तन ल्याउने वैचारिक चेतना पनि हो (लिंबाले, सन् २००१ : १२) । समाजमा स्थापित मूलधार भनिएको साहित्यको विपरीत साहित्यधारा र चेतनाका रूपमा पनि यसलाई लिने गरिन्छ र आन्दोलनकै रूपमा पनि यसलाई स्वीकार गरिन्छ (लिंबाले, सन् २००१ : १०३) । यसमा दलितका व्यथा, वेदना, प्रश्न र प्रतिरोधको चित्रण गरिन्छ (चमनलाल, सन् २०१२ : २८) । समाजमा यसरी दलित भनिएको जातिका सन्दर्भमा साहित्यमा दलित चेतनाको जन्म भएको हो । खासमा दलित चेतना दलितमाथि हुने अन्याय, अत्याचार र शोषणका विरुद्धको चेतना हो ।

सनातन हिन्दू वर्ण व्यवस्थामा रहेका चार वर्णहरू ब्राह्मण, क्षत्री, वैश्य र शूद्रहरूमध्ये शूद्रलाई अछूतका रूपमा व्यवहार गरिएका कारण कथित उपल्लो जातबाट दलनमा परेका तिनलाई दलित भन्ने गरिएको छ । हिन्दू वर्णव्यवस्थाको यस परम्पराले माथिल्लो भनिएको वर्णलाई राज्यसत्ता सञ्चालन गर्ने, आचार संहिता बनाउने र कथित तल्लो भनिने शूद्रलाई न्यून प्रकारको बनाएर तिनमाथि शासन गर्ने कार्य गऱ्यो (बागुल, सन् २००३ : २४) । यसको मूल संरक्षक पनि धर्मसत्ता (ब्राह्मण र शासक) बन्यो र यसले आफ्नो स्वार्थको रक्षाका लागि मनुष्यतालाई तिरस्कार र बहिष्कार गऱ्यो । यसले 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः, सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःखभाग्जनः' जस्तो परम्परामा रहेको मानवतावादी स्वरको सट्टा महान् सांस्कृतिक मान्यताका नाममा जातीय विभेदको सुरुवात गऱ्यो (शर्मा, सन् २०१३ : ३१) । यस्तो जातीय विभेदका कारण उही समाजमा बस्ने एउटा जाति अछूत र अस्पृश्य हुने, ऊ अवसर, साधन, शिक्षा, स्वास्थ्य र सामाजिक व्यवहारबाट समेत बहिष्करणमा पर्ने समस्याका कारण यस जातिका पक्षमा न्यायपूर्ण आवाज उठाउने र सिर्जनामा त्यसको प्रतिविम्वन गर्नु पर्ने अवस्था सिर्जना भयो । सामाजिक बहिष्कारका विरुद्धको सामाजिक तथा सांस्कृतिक चेतनाबाट नै समाजमा न्याय स्थापित हुने हुँदा पुरातन जातिवादी चिन्तन, संस्कार र व्यवहारका विरुद्ध दलित चेतनाको विकास भएको हो ।

दलित साहित्य भनेको दलितद्वारा लिखित वा दलितका बारेमा लिखित साहित्य हो । दलित चेतना भनेको नै वैषम्य र अपमानको अनुभूतिमा आधारित संवादलाई व्यक्त गर्नु हो (चतुर्वेदी, सन् २०१३ : १२७) । यसमा दलित चेतनाका रूपमा स्थानीय दलित बोध, दलित यथार्थ, दलित सङ्घर्ष, विचारधारा र अन्तर्विरोधजस्ता विषय अभिव्यक्त हुन्छन् । दलितको सामाजिक जातिगन्ध, साहित्यका नाममा निर्माण भएको सार्वभौमसत्ताको अन्त्य, दलितका विशिष्ट अनुभव, दलितप्रति

हुने सामाजिक आचार व्यवहार, भेदभाव, उचनिच, छुवाछुत जस्ता पक्षको विरोधको स्वर नै दलित चेतनाको मूल स्वर हो (चतुर्वेदी, सन् २०१३ : १२८) । दलित साहित्यको मूल स्वर नै दलित संचेतना हो र दलित हुनु र त्यसका विरुद्ध प्रतिरोध गर्नु यसको प्रमुख प्रकार्य हो ।

दलित साहित्यको विशेषता जात व्यवस्थाको दर्शन, अर्थतन्त्र, राजनीति र संस्कृतिको मानवविरोधी सारभित्र नै खोज्नुपर्ने हुन्छ। जात व्यवस्थाले ईश्वर नै सबै चिजको निर्धारक हो भन्दै दलित र मानव समाजलाई निरीह जीवित कठपुतलीमा सीमित गर्न चाह्यो (आहुति, २०७७ : १६६) । यसर्थ दलित चेतनामा तत्कालीन समयको वास्तविकताको बोध पनि हुन्छ, प्रतिरोध पनि हुन्छ र वास्तविकताकै आधारमा रूपान्तरणकारी चेतनाको निर्माण पनि हुन्छ । यसमा श्रम, सङ्घर्ष, परिवर्तन, पक्षधरता र नयाँ साहित्यिक र सौन्दर्यमूल्यको खोजी हुन्छ (बडत्या, सन् २०१० : १४०) । यसरी समाजमा विद्यमान वर्गीय पक्षधरता र वर्गीय शोषण र विभेदको अन्त्य गरेर समता र न्यायको चेतना प्रवर्द्धन गर्नु नै दलित चेतनाको मूल वैचारिक पक्ष हो । दलित जात (caste) होइन र जाति (nation) पनि होइन (आहुति, २०७७ : ३५) । वास्तवमा दलित भनेको सत्ता र शक्ति सम्बन्धका कारण पछि पारिएका मानिसहरूको समूह हो । मूलतः दलित समाजका प्रायः सबै भूगोल र परिवेशमा पाइन्छन् । नेपालमा पनि मधेस, पहाड, हिमाल र राजधानी सहरका रूपमा परिचित काठमाडौँ उपत्यकामा समेत दलितहरूको उपस्थिति, अस्तित्व र पहिचान फेला पार्न सकिन्छ । आहुतिका विचारमा दलित साहित्यले आदर्शवादी दर्शन, त्यसका तमाम धार्मिक पन्थ र विभिन्न शाखाविरुद्ध विज्ञानको पक्षमा भौतिकवादी पक्षपोषण गर्नुपर्छ (आहुति, २०७७ : १६६) ।

दलित चेतना एकै चोटि बनेको चेतना होइन । यसका लागि यहाँ धेरैले रगत र पसिना बगाएका छन् । यहाँ दलितका बारेमा आफ्ना धारणा राख्ने विभिन्न विचारकका विचारलाई खोजेर भेला गरी तिनै तथ्यका आधारमा दलित चेतनाको विश्लेषणका लागि निम्न बुँदाहरू तयार पारिएको छ :

हिन्दू वर्णाश्रमप्रति व्यङ्ग्य

मानव-मानवका बीच हुने भेदभावको विरोध

मानवतावादी जीवनदृष्टि

दलितपनाको चित्रण

प्रतिरोधी चेतना

समतामूलक समाजको चाहना ।

## चेतना खण्डकाव्यको आख्यानसन्दर्भ

जम्मा दश परिच्छेदमा संरचित चेतना खण्डकाव्यको नायक शङ्कर दलित परिवारमा जन्मिएको सामान्य गाउँले हो । ऊ गाउँको मन्दिरमा पसेको आरोपमा पुजारीको मिलेमतोमा पक्राउ परेको छ । उसलाई दलित भएर मन्दिर पसेको भनी गाउँका ठूलाठालु र कथित उपल्ला जातका मानिसहरूले यातना दिएको सन्दर्भ यस खण्डकाव्यको मुख्य कथावस्तु हो । उसलाई हातखुट्टा बाँधेर चउरमा लडाइएको छ । त्यति मात्र नभएर गाउँका उपल्ला जातका मानिसहरूले उसलाई गाली गर्नुका साथै कुटपिट समेत गरेका छन् । उसकी श्रीमतीले त्यसो नगर्नुहोस् भनेर रोइकराइ गर्दा पनि उनीहरूले टेरपुच्छर लगाएका छैनन् । स्वयं शङ्करले पनि अनुनय विनय गरेको छ । तर ऊ यातनाबाट बच्न सकेको छैन । त्यस्तैमा एकजना ज्ञानी पुरुषको प्रवेश हुन्छ । उनले मान्छे सबै बराबर भएको कुरा गाउँलेलाई विभिन्न दृष्टान्तसहित सम्झाउँछन् । ज्ञानी पुरुषले सम्झाएपछि पुजारीलगायत गाउँका सबै मानिसले मान्छे जोसुकै भए पनि सबै बराबर हुन् भन्ने ज्ञान प्राप्त गरेका छन् ।

दलित पात्र शङ्कर मन्दिरमा पसेको आरोपमा पुजारीको मिलेमतोमा पक्राउ परेको र उसले यातना भोग्नुपरेको कथालाई मुख्य रूपमा चित्रण गरिएको चेतना खण्डकाव्यमा शिक्षामा दलितलाई अवसर नदिइएको प्रसङ्ग पनि उठाइएको छ । त्यस्तै उजेली नामक दलित एकल महिलाले गाउँका केटाकेटीलाई निःशुल्क शिक्षा प्रदान गरेको कुरा पनि सहायक कथाका रूपमा आएको छ । ज्ञानी पुरुषको ज्ञानमय अभिव्यक्तिले गाउँलेमा परिवर्तन आएको देखाउँदै खण्डकाव्यको अन्त्यमा सबै गाउँलेले

मिलेर गीत गाउँदै शङ्कर र पुजारीलाई सँगसँगै बोकेर मन्दिरमा पसेको देखाउँदै कथावस्तुले बिट मारेको छ। यसरी दलितका मुद्दालाई उठाइएकाले चेतना खण्डकाव्य दलित चेतनाले भरिएको खण्डकाव्य बन्न पुगेको छ।

## दलित चेतनाका कोणबाट चेतना खण्डकाव्यको विश्लेषण

कवि किसानप्रेमीले चेतना खण्डकाव्यमा एउटा दलितले भोग्नु परेका पीडा, यातना तथा दलनका कुरालाई मार्मिक रूपमा चित्रण गरेका छन्। मन्दिरमा पसेको आरोपमा पुजारीको मिलेमतोमा पक्राउ परेको शङ्करले शारीरिक तथा मानसिक यातना भोग्नुपरेको कथालाई मुख्य रूपमा चित्रण गरिएको उक्त खण्डकाव्यमा ज्ञानी पुरुषले सम्झाएपछि पुजारीलगायत गाउँका सबै गाउँलेहरूले सबै मान्छेलाई समान रूपमा हेर्न सक्ने भएका छन्। यहाँ उक्त खण्डकाव्यमा चित्रित दलित चेतनालाई निम्न आधारमा विश्लेषण गरिएको छ :

## हिन्दू वर्णाश्रमप्रति व्यङ्ग्य

पौराणिक कालका ऋषि मनुले तयार पारेको 'मनुस्मृति'मा जातको व्यवस्था पाइन्छ। उनले ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार जातको व्यवस्था गरे। यही व्यवस्था नै हिन्दू वर्णाश्रम हो। उक्त वर्गीकरणमा शूद्र भनिएको जात नै दलित हो। यसरी दलित भनी हेपिएको जातिको चेतनालाई कवि किसानप्रेमीले आफ्नो चेतना खण्डकाव्यको पहिलो परिच्छेदको चौधौँ श्लोकमा काव्यात्मक रूपमा यसरी मुखरित गरेका छन् :

*अछुतो पा-यो, देवको घर, भित्र यो पसेर*
*पुजारी भन्न, सर्माउँदै छु, मन्दिरमा बसेर*
*भन्दै छन् उनी, राखेको धर्म, गुम्योझैँ लाग्दैछ*
*अब त धर्म, हराउँछ क्यारे, यो मन पाक्दैछ।*
(किसानप्रेमी : २०७३, पृष्ठ ३)

त्यस्तै कविले दोस्रो परिच्छेदको अठारौँ श्लोकमा दलितलाई मान्छे नै नमान्ने गरेको र तिनीहरूभित्र पनि मानव हृदय हुन्छ भन्ने मान्यता नहुने गरेको विभेदकारी भावनालाई चित्रण गरेका छन्। अझ त्यति मात्र नभई शुद्रले छोएको खण्डमा शरीरको अङ्ग नै काटेर फाल्ने आदेश दिने मनुको भनाइलाई यसरी व्यङ्ग्य गरेका छन् :

*वर्णको नाममा, एक वर्णलाई, मान्छे नै गनेनन्*
*तीभित्र पनि, हृदय हुन्छ, भन्ने नै जानेनन्*
*शुद्रले छोए, जुन् अङ्ग छुन्छ, त्यै अङ्ग काट्दिनु*
*भनेर लेख्ने, ती मनुलाई, दर्जा याँ के दिनु ?*
(ऐ.ऐ., पृष्ठ ११)

यसरी कविले नेपाली समाजमा हिन्दू वर्णाश्रमका कारण शूद्र भनी वर्गीकृत समुदायलाई दलितका रूपमा हेप्ने गरिएको, उनीहरूले कथित उपल्लो जातका व्यक्तिलाई छुन नपाउने गरिएको, भगवान् सबैका साझा भए पनि मन्दिर प्रवेशमा उनीहरूलाई रोक लगाउने गरेको जस्ता तथ्यहरू प्रस्तुत गर्दै दलितले भोग्नु परेका सामाजिक विभेदको मार्मिक चित्रण गरेका छन्। यी सबै दलितका पीडा भएकाले यिनमा दलित चेतना पाइन्छ।

## मानव-मानवका बीच हुने भेदभावको विरोध

समाजमा बस्ने विभिन्न व्यक्तिले फरक-फरक काम गर्दै आएका छन्। दलित भनिएका जातका मान्छेलाई तल्लो स्तरको काम लगाइएको पाइन्छ भने कथित उपल्ला जातकाले उच्च खालका काम गर्ने गरेका छन्। यसरी दलित भनिएकालाई उपल्ला जातका मान्छेको घर लगायत मठ-मन्दिरमा पस्न बन्देज लगाइएको पाइन्छ। चेतना खण्डकाव्यमा पुजारीले नायक

शङ्करलाई मन्दिर पस्न रोकेको सन्दर्भलाई पहिलो परिच्छेदको अठारौँ श्लोकमा यसरी चित्रण गरिएको छ :

*पुजारी भन्थे, हेपेरै पस्यो, यै जिद्धी गर्दै छ,*
*हामीलाई दुःख, दिनेलाई दण्ड, दिनु नै पर्दछ !*
*जो-जोले जे-जे, भेटाए त्यही, शङ्करलाई बर्साए !*
*सयौँले कुटे, अस्मिता लुटे, सबैले तर्साए !*
(ऐ.ऐ., पृष्ठ ४)

धर्मका नाममा समाजमा कलङ्क रोपेर मानव-मानवका बीचमा विभेद ल्याउने गरेको काम पनि यो समाजमा भएको पाइन्छ। कविले समाजमा व्याप्त यस्तो सामाजिक तथ्यलाई खण्डकाव्यको दोस्रो परिच्छेदको पैँतीसौँ श्लोकमा यसरी अभिव्यक्त गरेका छन् :

*धर्मका नाममा, कलङ्क रोपे, मानवता हरायो !*
*मानवतारूपी, वर र पीपल, मान्छेले ढलायो !*
*धनी र गरिब, अछुत् र छुत, खाडल खनिए !*
*कुकुर-तिहार, मनाऔँ भने, मान्छेलाई कुल्चिए !*
(ऐ.ऐ., पृष्ठ १५)

यसरी कविले नेपाली समाजमा मानव-मानवका बीचमा पनि विभेद हुने गरेको कुरा चित्रण गरेका छन् । अझ त्यस्तो विभेद जातका आधारमा गरेर कथित उपल्ला जातका मान्छेले दलितहरूमाथि यातना दिने गरेको, पशुलाई घरभित्र जान दिने तर दलितहरूलाई मान्छे भएर पनि घरभित्र पस्न नदिने गरेको, मठ-मन्दिरमा प्रवेश गर्न रोक लगाएको जस्ता अमानवीय कार्यहरूको फेहरिस्त प्रस्तुत गरी दलितले भोग्नु परेका पीडाको यथार्थ चित्रण गरेका छन् । यसर्थ यस्ता अभिव्यक्तिमा दलित चेतना पाइन्छ ।

## मानवतावादी जीवनदृष्टि

समाजमा बस्ने सबै मान्छे बराबर हुन् भन्ने धारण मानवतावादी धारणा हो । मान्छेलाई जात, धर्म, वर्ण, लिङ्ग, पेसा आदिका आधारमा विभेद गर्नु राम्रो होइन । चेतना खण्डकाव्यमा जातका आधारमा समाजमा हुने गरेको विभेदका विरोधमा दोस्रो परिच्छेदको सातौँ श्लोकमा यस्तो चर्चा गरिएको छ :

*राम नि मान्छे, बुद्ध नि मान्छे, कृष्ण नि मान्छे हो !*
*कर्मले गर्दा, ब्राह्मणको छोरो, रावण चैँ राक्षस भो !*
*ती विश्वामित्र, क्षेत्रीको छोरो, भन्यो यै समाजले !*
*कर्मले गर्दा, ऋषिमा लगी, गन्यो यै समाजले !*
(ऐ.ऐ., पृष्ठ ९)

चेतना खण्डकाव्यमा कविले सबै मान्छेभित्र आत्मा हुन्छ भन्दै सबैले सबैलाई माया दिनुपर्छ भन्ने मानवतावादी आग्रह गरेका छन् । यसका लागि एक जना ज्ञानी पुरुषको प्रवेश गराई उसका मुखबाट यस्तो उद्गार बोल्न लगाएका छन् । हेरौँ दोस्रो परिच्छेदको ६३ औँ श्लोक :

*गरेर माया, सबैलाई हेर, आत्मा ऊभित्र छ*
*पराई को छ, सम्झिए आफ्नो, सबै यहाँ मित्र छ*
*विश्ववन्धुत्व, छाओस् याँ सबै, सबैले गाऊन् गीत*
*पिँजडाबाट, मुक्त हुन् सुगा, सबैले लाऊन् प्रीत ।*
(ऐ.ऐ., पृष्ठ २०)

यसरी कविले पौराणिक कालको उदाहरण दिँदै राम, कृष्ण, रावण, विश्वामित्रजस्ता पात्रका माध्यमबाट मान्छे कर्मले महान् हुने कुरा बताएका छन् । मान्छे सबै समान हुन्, तिनलाई समान माया दिनुपर्छ भन्ने अभिमत अघि सारेका छन् । दलितलाई सबैले माया गरेमा उनीहरू पनि अरू सरह बन्न सक्छन् भन्ने धारणा यहाँ मुखरित भएको छ । यस्तो विचार मानवतावादी विचार हो, जुन दलितका पक्षमा देखिन्छ ।

## दलितपनाको चित्रण

समाजमा बस्ने मानिसहरूले आफू जातका आधारमा हेपिएको महसूस गर्नु दलितपनाको अनुभूति हो । अझै पनि नेपाली समाजका दलितहरूले पाइलैपिच्छे यस्तो अनुभूति गर्नु परेको कुरालाई चेतना खण्डकाव्यको दोस्रो परिच्छेदको उन्तीसौँ श्लोकमा कविले यसरी चित्रण गरेका छन् :

*मठ र मन्दिर, नजानु भने, काममा दलाए*
*स्वतन्त्र भई, उम्रेको रूखलाई, दबाए ढलाए*
*द्विजको नाममा, त्यो ठूलो समाज, एकत्र पारेर*
*ती सोझामाथि, शासक बने, क्रूरता झारेर ।*
(ऐ.ऐ., पृष्ठ १३)

समाजका टाठाबाठाहरूले दलितले पढेका खण्डमा उनीहरूले दलनका विरुद्ध बोल्न सक्छन् भनेर पढाइलेखाइबाट बञ्चित गराउने गरेको कुरालाई कविले खण्डकाव्यमा मार्मिक ढङ्गले चित्रण गरेका छन् यसको लागि दोस्रो परिच्छेदको ३६ औँ श्लोकलाई हेर्न सकिन्छ :

*दलितले पढे, चलाख बन्छन्, भनेर डराथे*
*त्यसैले होला, लेख्पढ् गर्न, वञ्चित गराथे*
*क्वै कतै लुकी, पढ्नेलाई पनि, तिनैले समाई*
*काट्दिन्थे जिब्रो, काट्दिन्थे हातै, हेर्दथे रमाई ।*
(ऐ.ऐ., पृष्ठ १५)

यसरी कविले समाजका कथित उपल्ला जातका मान्छेले दलितहरूलाई केवल काममा जोताएको, मठ-मन्दिरमा प्रवेश गर्न रोक लगाएको, उनीहरूलाई पढ्नबाट बञ्चित गराएको कुराको चित्रण गरेका छन् । कसैले लुकेर पढेका खण्डमा उनीहरूको जिब्रो काटिदिने, हात काटिदिने र यस्तो यातना हेरेर रमाउने गरेको निर्मम समाजको चित्रण गरेका छन् । यी भनाइमा दलित भएका कारण शिक्षाबाट बञ्चित हुनु समाजको कुत्सित विचार हो, जसले समाजलाई अधोगतिमा लैजान्छ भन्ने कविको दलितमैत्री आग्रह पाइन्छ ।

## प्रतिरोधी चेतना

आफू बसेको समाजमा हेपिएको महसूस गरेपछि जोसुकैमा पनि प्रतिरोधी चेतना जन्मन्छ । अझ जातका आधारमा दलित भनेर हेपिएपछि मान्छेमा कस्तो खालको प्रतिरोधी चेतना जन्मन्छ भन्ने कुरालाई चेतना खण्डकाव्यको पहिलो परिच्छेदको पन्ध्रौँ श्लोकमा कविले यसरी उतारेका छन् :

*सबैले बोले, बोलीले डसे, आँखाले डस्दैथे*
*डरले काम्यो, थर्थरी शङ्कर, आँसु चैँ खस्दैथे*
*तैपनि शङ्कर, साहसले बोल्यो, धकचैँ नमानी*
*सबैको साझा, ठाउँ हो मन्दिर, म किन नजानी ?*
(ऐ.ऐ., पृष्ठ ४)

कविले दलितमा प्रतिरोधी चेतना आउनका लागि शिक्षा अनिवार्य कुरा हो भन्ने कुरा ज्ञानी पुरुषका मुखबाट भन्न लगाएका छन् । यहाँ उनको पहिलो परिच्छेदको श्लोक सङ्ख्या २० मा अभिव्यक्त विचारलाई हेरौँ :

*निदा'का पनि, जाग्नेछन् यहाँ, जागेका उठ्ने छन्*
*अन्यायलाई, निर्मूल पार्न, सबै याँ जुट्ने छन्*
*खोला र नाला, बोल्नेछन् अब, पहरा जाग्ने छन्*
*भत्कन्छ सीमा, अहमताको, ती गोडा थाक्ने छन् ।*
(ऐ.ऐ., पृष्ठ ५)

यसरी कविले हेपिएका दलितमा पनि अत्यधिक दलनका कारण प्रतिरोधी चेतना जन्मन्छ भन्ने कुरा चउरमा बाँधेर लडाइएको शङ्करले प्रतिवादमा बोलेको बोलीबाट देखाइएको छ । त्यति मात्र होइन, खण्डकाव्यमा ज्ञानी पुरुषले शिक्षाका माध्यमबाट समाजमा जागरण आउने उद्घोष समेत गरेका छन् । दलितहरूले आफूलाई परेका अन्यायका विरुद्ध आवाज उठाउन आफैँ अग्रसर हुनुपर्छ भन्ने भावना कविले अभिव्यक्त गर्दै दलित मुक्तिका लागि आवाज समेत दिएका छन् । यस्तो आवाज दलित चेतनाको प्रखर अभिव्यक्ति हो ।

## समतामूलक समाजको चाहना

समाजमा बस्ने सबै मानिसले समानतापूर्वक बाँच्न पाउने अवस्था सिर्जना हुनु भनेको समतामूलक समाज बन्नु हो । कविले अझै पनि यस्तो समाज केवल कल्पनामा मात्र जीवित रहेको कुरा चेतना खण्डकाव्यको दसौँ परिच्छेदको पाँचौँ श्लोकमा ज्ञानी पुरुषका मुखबाट यसरी भन्न लगाएका छन् :

*एकदिन त पक्कै, दुःखीको आँसु, सबैले पुछ्नेछन्*
*देख्ने छन् समान, सबैले सबलाई, मानवता बुझ्नेछन्*
*भन्दैथे ज्ञानी, मान्छे हुँ म नि, क्यै कतै चुक्यो कि ?*
*कोट्याउनुपर्ने, बाँकी नै रह्यो, क्यै कतै लुक्यो कि ?*
(ऐ.ऐ., पृष्ठ ५८)

दलितका नाममा गरिने भेदभाव एक्काइसौँ शताव्दीको कालो धब्बा हो । यस्तो धब्बालाई जरैदेखि नामेट पार्न सके मात्र समाजले अग्रति लिन सक्छ भन्ने कुरालाई काव्यात्मक प्रस्तुतिका साथ कविले चेतना खण्डकाव्यको चौथो परिच्छेदको पन्ध्रौँ श्लोकमा समतामूलक समाजको निर्माण गरी कसरी दलितलाई मुक्त गर्न सकिन्छ भन्ने कुरालाई इङ्गित गर्दै यस्तो लेख्छन् :

*भन्दैछन् ज्ञानी, देखाउँदै पीडा, पाटी र धारामा*
*देख्दैछु पीडा, मेला र पात, फेवा र रारामा*
*कागजी सुगा, बोल्दैन आफैं, बोलाउनु पर्दछ*
*कानुनले हैन, व्यवहारले पानी, चलाउनु पर्दछ ।*
(ऐ.ऐ., पृष्ठ १९)

त्यस्तै कविले खण्डकाव्यको आठौँ परिच्छेदको सातौँ श्लोकमा ज्ञानी पुरुषको भनाइबाट गाउँलेका विचारमा परिवर्तन आएको देखाएका छन् । ज्ञानी पुरुषको विचारबाट प्रभावित भएर गाउँलेले पुजारी र शङ्करलाई सँगै लिएर मन्दिर पसेको कुरालाई यसरी चित्रित गरेका छन् :

*एक् काँध लिए, शङ्करलाई, अर्को काँध् पुजारी*
*सबैलाई लिई, मन्दिर पसे, चेतना उघारी*
*भित्र गई भने, हेर यो पत्थर, यो आफैँ बोल्दैन*
*मान्छेले जस्तो, चेतना आँखा, यो कैल्यै खोल्दैन ।*
(ऐ.ऐ., पृष्ठ ५१)

यसरी कविले ज्ञानी पुरुषका माध्यमबाट ऊ आफू पनि मानिस भएको र उसले सबै मानिसलाई समान देख्ने गरेको विचार अभिव्यक्त गरेका छन् । मन्दिरमा देवताका रूपमा विराजमान ढुङ्गा आफैँ नबोल्ने र कानुनले मात्र समाजमा केही नगर्ने धारण अघि सार्दै सबै मानवका बीचमा भाइचाराको सम्बन्ध स्थापित गराउनु पर्छ भन्ने विचारमा गाउँलेलाई सहमत गराइएको छ । त्यसपछि गाउँलेले दलित भनेर हेपिएको शङ्कर र पुजारीका रूपमा सम्मानित व्यक्तिलाई एकै साथ बोकेर मन्दिर प्रवेश गराएका छन् । यसरी कविले खण्डकाव्यको अन्त्यमा दलितमैत्री समतामूलक समाजको परिकल्पना गरेका छन् ।

## उपसंहार

कवि किसानप्रेमीले आफ्नो चेतना खण्डकाव्यमा कथित उपल्ला जातको हेपाहा प्रवृत्तिमाथि राम्ररी प्रहार गरेका छन् । त्यस्तै उनले हिन्दू वर्णाश्रमप्रति व्यङ्ग्य गर्दै मनु नामक ऋषिका कारण समाजमा जातीय विभेदको स्थिति सिर्जना भएको र यसले मान्छेलाई मान्छेभन्दा तल झारेर दलित बन्न बाध्य पारेको निष्कर्ष निकालेका छन् । समाजका कथित उपल्ला जातका मानिसहरूले आफूले पालेको पशुलाई घरभित्र लिएर जाने तर अछूत भनेर हेपिएका मान्छेलाई उनीहरूको घरभित्र पस्न नदिने गरेको कुरालाई यसमा राम्ररी चित्रण गरिएको छ । दलित भनेर हेपिएको शङ्करलाई मन्दिर पसेको आरोपमा शारीरिक तथा मानसिक यातना दिइएको छ । यसरी यातना दिइरहेकै अवस्थामा एक जना ज्ञानी पुरुषको उपस्थिति गराएका छन् । तिनै ज्ञानी पुरुषका मुखबाट उनले ज्ञानगुनका कुरा भन्न लगाई मानवतावादी  जीवनदृष्टि प्रस्तुत गर्दै समतामूलक समाजको चित्रण गर्न पुगेका छन् । यसरी चेतना खण्डकाव्यमा पशुभन्दा तल्लो स्तरको जीवन गुजार्न बाध्य दलितहरूलाई समान हैसियतको देखाई उनीहरूको सम्माजनक अवस्थाको चित्रण गरी दलितलाई पनि गैर दलित सरह बाँच्ने अवस्था हुनुपर्छ भन्ने सन्देशका साथ दलितका पक्षमा उनको स्वर मुखरित भएको छ । यसर्थ उनको चेतना खण्डकाव्य दलित चेतनाले भरिएको खण्डकाव्य हो ।

## सन्दर्भस्रोत

आहुति (२०७७), **जात वार्ता**, काठमाडौँ : बेला बुक्स ।

किसानप्रेमी (२०६९), **चेतना**, तनहुँ : शङ्कर घताने स्मृति प्रतिष्ठान ।

कोइराला, चन्द्रकान्त (२०६९, २९ जेठ), *चेतनाका स्रष्टालाई शुभकामना,* **जोश**, वर्ष ३, अङ्क ४३, पूर्णाङ्क ९४,पृ.२ ।

चतुर्वेदी, जगदीश्वर (सन् २०१३), **साहित्य का इतिहास दर्शन**, नयाँ दिल्ली : अनामिका पब्लिसर्स् एन्ड डिस्डिब्युटर्स् ।

चमनलाल (सन् २०१२), **दलित साहित्य : एक मूल्यात्कन**, नयाँ दिल्ली : राजपाल एन्ड सन्ज ।

चापागाईं, निनु (२०६८), **दलित सौन्दर्यशास्त्र र साहित्य**, ललितपुर : साझा प्रकाशन ।

जमरकट्टेल, सूर्यप्रकाश (२०६९, २३ मङ्सिर), *चेतना खण्डकाव्यमाथि एक दृष्टि,* **चितवन पोष्ट**, वर्ष १५, अङ्क १३५, पृ. २ ।

पोखरेल, डी. आर. (२०६८), *किसानप्रेमीको सङ्क्षिप्त व्यक्तित्व र कृतित्व,* **तीन थुँगा फूल**, अङ्क २६, पृ. १९-३० ।

प्रभात, रमेश (२०६९, २ असार), *कवि किसानप्रेमी र चेतना खण्डकाव्यको प्रसङ्ग,* **चितवन पोष्ट**, वर्ष १५, अङ्क २७९, पृ. २ ।

बखुन्छे, सुरेश (२०६९, २८ साउन) *किसानप्रेमी र उनको चेतना,* **मजदुर**, वर्ष १४, अङ्क ३९, २०१, पृ. ३ ।

बडत्या, सुरज (सन् २०१०), **सत्ता संस्कृति और दलित सौन्दर्यशास्त्र**, नयाँ दिल्ली : अनामिका पब्लिसर्स् एन्ड  डिस्डिब्युटर्स् ।

बराली, रणेन्द्र (२०६९ पुस -माघ), *चेतना गीतिखण्डकाव्यलाई वेदनासँग गाँस्दा,* **जनउत्थान**, वर्ष १८, अङ्क ४, पूर्णाङ्क १०६, पृ. ६-८ ।

बागुल, बाबुराव (सन् २००३), *दलित साहित्य : उद्देश्य और वैचारिकता,* **भारतीय दलित साहित्य परिप्रेक्ष्य** (सम्पा. : मुन्नी सिंह, कमला प्रसाद र राजेन्द्र शर्मा), नयाँ दिल्ली : वाणी प्रकाशन ।

मगर, देवी थापा (२०७२), **किसानप्रेमीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, भरतपुर :

नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस ।

लिंबाले, शरणकुमार (सन् २००१), **दलित साहित्य का सौन्दर्यशास्त्र**, नयाँ दिल्ली : वाणी प्रकाशन ।

विरही, अनिल शर्मा (२०६५, १५ भदौ), *ताम्सालिङ क्षेत्रका कवि र कविताहरू -३*, **अग्रगमन**, वर्ष २, पूर्णाङ्क १७, पृ. ३०-३७ ।

विश्वकर्मा, टेकबहादुर (२०६९, २४ असार), कृति *'चेतना'* भित्रको चेतना, **सचेत प्रयास**, वर्ष १, अङ्क ३९, पृ. ६ ।

शर्मा, सुवास (सन् २०१३), **सोसियोलोजी अफ लिटरेचर**, न्यु दिल्ली : रावत पब्लिकेसन ।

सापकोटा, होमनाथ (२०६८, कार्तिक-पौष), *कविताको आलोकमा कवि किसान,* **जागृति नव उद्घोष**, वर्ष १, अङ्क १, पृ. २५-२७ ।